# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तानसेन, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

## चमेनागृह सञ्चालन गर्ने सम्बन्धी सिलवन्दी दरभाउपत्र अह्वानको सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८०/०१/२६)*

१. यस कार्यालयको हाताभित्र चमेनागृह सञ्चालन गर्ने सम्वन्धी सिलवन्दी दरभाउपत्रको सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समयभित्र कार्यालय समयमा ईच्छुक संघ, संस्था, फर्म वा व्यवसायीहरुले चमेनागृह सञ्चालनको लागि नेपाली नागरिकता प्रमाण पत्रको छाँया प्रति, स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र तथा नवीकरण गरेको छाँया प्रति, स्थायी लेखा (PAN/VAT) दर्ता भएको प्रमाण पत्रको छाँया प्रति, आ.वं. २०७८/०७९ को करचुक्ता प्रमाण पत्रको छाँया प्रति, सञ्चालक स्वयं उपस्थित हुन नसकेको खण्डमा सक्कल अख्तियारनामा र अख्तियारी प्राप्त गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्रको छाँया प्रति संलग्न राखी तानसेन नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गरी दरभाउपत्र दस्तुर फाराम रु. १०००।०० (पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी दर्ता हुनआएका दरभाउपत्रहरु सोही दिनको २.०० बजे खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुल्ने दिन खोलिने छ ।

३. दरभाउपत्र खामबन्दी गरी बाहिरपट्टी दरभाउपत्रदाताको नाम, ठेगाना सम्पर्क नं. र सिलबन्दी लाहाछाप संख्या दरभाउपत्रमा आधिकारिक व्यक्तिको सही छाप भएकोलाई मात्र मान्यता दिइने छ ।

४. चमेनागृह संचालन गर्दा संचालकले घरभाडा वापत न्यूनतम मासिक रु. ८६५७। नघट्ने गरी भाडा दर कबोल गर्नु पर्नेछ । कबोल गरेको घरभाडा रकमले ३ महिना बराबरको रकम धरौटी वापत तानसेन नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४मा जम्मा गरी सोको सक्कल भौचर संलग्न राखी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । साथै विद्युत महशुल सबमिटरमा खपत भएको यूनिटको आधारमा कार्यालयलाई भुक्तानी गर्नु पर्नेछ ।

५. चमेनागृह भित्र धुम्रपान तथा मदिराजन्य वस्तुको सेवन र विक्री वितरण गर्न पाइने छैन ।

६. कार्यालयले तोकेको समयमा मात्र चमेना गृह सञ्चालन गर्नु पर्नेछ ।

७. दरभाउत्रदाताले उल्लेख गरेको प्रत्येक खाना परिकारको न्युनतम दररेट उल्लेख गर्नु पर्नेछ ।

८. दरभाउपत्र जमानत वापतको रकम रु. ५००००।०० (पचास हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक पाल्पा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ३०३०१००३०३००००४ नगदजम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकवाट जारी गरेको र दरभाउपत्र खूल्ने मितिबाट कम्तिमा ९० दिनको म्यादभएको बैंक ग्यारेण्टी (Bid Bond) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

९. चमेनागृह सञ्चालनगर्दा आवश्यक पर्ने चल सामान (टेबुल, कुर्ची, भाडा) को व्यवस्था स्वयं आफै व्यवसायीले नै गर्नु पर्नेछ ।

१०. सम्झौता अवधि २ वर्षको हुनेछ र स्वीकृत स्पेशिफिकेशनभन्दा न्युन गुणस्तरको/परिमाणको सेवा प्रवाह गरेमा कार्यालयले धरौटी रकम/कार्यसम्पादन जमानत जफत गरी सम्झौता जुनसुकै बखत् रद्द गर्न सक्नेछ ।

११. यूनतम अंक कबोल गरी सम्झौता नगर्ने दरभाउपत्रदाताको जमानत रकमजफत गरी कालो सूचीमा राखिनेछ ।

१२. चमेनागृह सफा राख्नुपर्ने, खानेतेल शुद्ध प्रयोग गर्नुपर्ने, सेफ र वयटरले स्वीकृत ड्रेस कोडको पालना गर्नु पर्नेछ ।

१३. स्वीकृत स्पेशिफिकेशन बमोजिमको गुणस्तर/परिमाणमा हाईजेनिक सेवाप्रवाह गरे/नगरेको कार्यालयबाट अनुगमन गरिनेछ । साथै अनुगमनको क्रममादिएंको सुझावको पालनागर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

१४. दरभाउपत्र पूर्ण वा आंशिक रुपामा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयको हुनेछ ।

१५. माथि उल्लेख हुन नसकेका कुराको हकमा आपसी समझदारी, कार्यालयको निर्णय वा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. थप जानकारीका लागि कार्यालयको Website: tansenmun.gov.np वा फोन नं. ०७५-५२०१०९, ०७५-५२०१०९, ०७५-५२०८९३ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत